# मदाने गाउँपालिका

गुल्मी जिल्ला,लुम्विनी प्रदेश,नेपाल

# मदाने राजपत्र

| वर्ष : ४ | अंक : ३ |
|---|---|

## भाग ३

**गाउँपालिका कार्यालयवाट मिति २०७७ असौज ३० गते मदाने गाउँपालिका**

कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि,

२०७७

**सार्वजनिक जानकारीको लागि देहाए वमोजिम प्रकाशन गरिएको छ ।**

आज्ञाले

रुद्र बहादुर पछाई

प्रमुख प्रशासकीय अधिकृत

| सभाबाट स्वीकृत मिति :- | २०७७।०६।३० |
|---|---|

**मदाने गाउँपालिका**

**पुर्कोटदह, गुल्मी**

**लुम्विनी प्रदेश, नेपाल**

# कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०७७

कार्यपालिका बाट स्वीकृत मितिः२०७७-०६-३०

**१. <u>प्रस्तावनाः</u>** मदाने गाउंपालिका पशुपालनको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो । यहाँका अधिकांश मानिसहरूले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अबलम्वन गरेका छन् । यसरी यस पालिकाका कृषकहरूलाई व्यवसायीक र प्रतिष्पर्धी बनाई उनीहरूको आयआर्जन वृद्दि गरी स्वाबलम्बी बनाउन बाञ्छनीय भएकोले यो कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मदाने गाउँकार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

**२. <u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले मदाने गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले मदाने गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ग) "उपाध्यक्ष" भन्नाले मदाने गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मदाने गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ) वडा" भन्नाले मदाने गाउँपालिकाको सबै वडाहरूलाई सम्झनु पर्दछ ।

च) "सहकारी" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न मदाने गाउँपालिका भित्रका सहकारीहरू लाई जनाउनेछ ।यस शब्दले मदाने गाउँपालिकाका कृषकहरूको कृषिजन्य उत्पादन खरिद गर्ने आसपासका सहकारीलाई समेत जनाउनेछ ।

छ) "तरकारी" भन्नाले फूलगोभी, बन्दागोभी, केराउ, बोडी, सिमी, साग, गोलभेडा, आलु, लौका, चिचिण्डा, घिरौला, पाटेघिरौला, भान्टा, फर्सि, कांक्रा, स्कुस, परबर, पिडालु लगायतका तरकारीको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।

ज) "फलफूल" भन्नाले कागती, जुनार, सुन्तला, अम्बा, आंप, लिचीलगायत फलफुलको रुपमा प्रयोग हुने वस्तुलाई जनाउछ ।

झ) "मसलाजन्य वस्तु"भन्नाले लसुन, प्याज, धनिया, खुर्सानी, अदुवा, हलेदोलगायत मसलाको रुपमा प्रयोग हुने वस्तुलाई जनाउनेछ ।

ञ) "व्यापारी भन्नाले " मदाने गाउँपालिकामा ब्यवसाय दर्ता गरी उद्धोग बाणिज्य सघमा दर्ता भई पान न लिएको मदाने गाउँपालिका भित्र उत्पादित कृषि जन्य सामाग्रीलाई ब्यापार गर्न सहयोग पुर्याउने व्यवसायीलाई जनाउने छ ।

ट)"समुह" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न मदाने गाउँपालिका भित्रका समुहहरू लाई जनाउनेछ ।

ठ)"कृषि फर्म" भन्नाले कृषि तथा पशुजन्य वस्तु उत्पादनमा संलग्न मदाने गाउँपालिका भित्रका कृषि फर्म हरू लाई जनाउनेछ ।

**३. अनुदान उपलब्ध गराउन सक्ने कृषि तथा पशुजन्य वस्तुहरूः**

क) गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही पशुजन्य उत्पादन अन्तर्गत दुध, मासु, अण्डामा र कृषिजन्य वस्तु अन्तर्गत तरकारी, फलफूल, मह , मसलाजन्य ,

खाद्यान्नवाली तथा तरकारी विउ र फलफुल विरुवा वस्तुमा अनुदान उपलब्ध गराउने छ ।

**४. अनुदान उलब्ध गराउने विधिः**

क) कृषकहरूले अनुदान प्राप्त गर्नको लागि तोकेको कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी मार्फत विक्री वितरण गरेको हुनु पर्नेछ ।

ख) कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी हरूले कृषिजन्य वस्तु खरिद गरेको र विक्री गरेको अभिलेख स्पष्टसँग राखेको हुनुपर्नेछ ।

ग) कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीले राखेको अभिलेखको आधारमा सहकारी तथा वडाले गाउँपालिकालाई विक्रीको परिमाण र रकम सिफारिस गरी पठाउनु पर्नेछ।

घ) कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी तथा वडाको सिफारिसको आधारमा पालिकाबाट कृषि तथा पशुजन्य बस्तुको विक्रीमा आधारित अनुदान उपलब्ध हुनेछ।

ङ) गाउँपालिकाले कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीको अभिलेखको समय समयमा अनुगमन निरीक्षण गर्नेछ रझुठ्ठा विवरण राख्ने र पेश गर्ने समूह सहकारीहरूको दर्ता खारेजी गरी त्यस्ता कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी मार्फत अनुदान वितरण गरिने छैन ।

च) अनुदान उपलब्ध गराउँदा कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी लाई अनुदान उपलब्ध गराईनेछर कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी मार्फत कृषकहरूले विक्रीको आधारमा अनुदान प्राप्त गर्नेछन् ।

(छ) कृषि तथा पशुजन्य वस्तुको विक्रीमा सहजीकरण गर्ने कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी हरूलाई व्यवस्थापन खर्च बापत कार्यविधिमा तोकिए बमोजिमको रकम उपलब्ध गराईनेछ ।

ज) यो कार्यविधि स्वीकृत भएपश्चात सहकारी मार्फत विक्री वितरण गरी अभिलेखिकरण गरिएका कृषकहरूलाई मात्र अनुदान उपलब्ध गराईनेछ।

झ) कृषि तथा पशुजन्य वस्तु विक्री वितरणमा संलग्न हुन चाहने कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी हरूले आफ्नो प्रमाणपत्रसहित वडामा निवेदन पेश गर्नुपर्नेछ रनिवेदनको आधारमा वडाले पालिकामा सिफारिस गरिसकेपश्चात उक्त कार्यमा संलग्न हुन गाउँपालिकाले सहकारीलाई अनुमति दिनेछ ।यसरी अनुमति प्राप्त गरिसकेपश्चात सहकारीले विक्री वितरणको अभिलेख राख्न शुरु गर्नेछ

ञ) कृषकहरूले प्राप्त गरेको अनुदान कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी हरूले भर्पाई गरी बुझाउनु पर्नेछरसो को एकप्रति फोटोकपी गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

५.**उपलब्ध गराउने अनुदान रकमः**

५.१ कृषकः कृषकहरूलाई बिक्रीको आधारमा कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरू मार्फत देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ।

| सि.नं. | वाली वस्तु | उत्पादन के.जी./लिटर/गोटा | प्रति के.जी./ लिटर प्रोत्साहन अनुदान रु | |
|---|---|---|---|---|
| १ | दुध वा दही | ९० लि प्रति लि | ५ | मासिक |
| २ | घ्यू | ५० के जी | प्रति के जी१०० | वार्षिक |
| ३ | मासु खसि/वोका | १०० के जी | १०० | वार्षिक |
| ४ | अण्डा | २००प्रति गोटा | २ | मासिक |
| ५ | माछा | १००के जी | १०० | मासिक |
| ६ | मह | ५०के जी | १०० | वार्षिक |
| ७ | गोलभेडा | २०० प्रति के जी | ५ | मासिक |
| ८ | लसुन | १०० के जी | २० | वार्षिक |
| ९ | प्याज | २०० के जी | १० | वार्षिक |
| १० | अदुवा | ३०० के जी | ५ | वार्षिक |
| ११ | हलेदो | २०० के जी | १० | वार्षिक |
| १२ | टिमुर | १०के जी | १०० | वार्षिक |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | अलैची | ३० | के जी | २०० | वार्षिक |
| १४ | फूलगोभी | ३०० | के जी | ५ | वार्षिक |
| १५ | बन्दा | ५०० | के जी | ५ | वार्षिक |
| १६ | मुला/साग | ७०० | के जी | ५ | वार्षिक |
| १७ | सिमी/वोडी/केराउ | ५०० | के जी | ५ | वार्षिक |
| १८ | आलु | १००० | के जी | १० | वार्षिक |
| १९ | काँक्रो | २०० | के जी | १० | वार्षिक |
| २० | स्कुस/लौका/चिचिन्डा | ५०० | के जी | ५ | वार्षिक |
| २१ | भान्टा/घिरौला/परवल | २०० | के जी | ५ | वार्षिक |
| २२ | तिते करेला | १०० | के जी | १० | वार्षिक |
| २३ | तरुल | २०० | के जी | ५ | वार्षिक |
| २४ | पिडाँलु | ५०० | के जी | ५ | वार्षिक |
| २५ | सुन्तला/जुनार | ५०० | के जी | ५ | वार्षिक |
| २६ | कागती | १०० | के जी | १० | वार्षिक |
| २७ | केरा | १५ | घरी | १०० | वार्षिक |
| २८ | किवी | ५० | के जी | २० | वार्षिक |
| २९ | ओखर | ३० | के जी | २० | वार्षिक |
| ३० | अम्वा | ५०० | के जी | ५ | वार्षिक |
| ३१ | आँप/लिची | ३०० | के जी | १० | वार्षिक |
| ३० | दलहन | १०० | के जी | २० | वार्षिक |
| ३१ | तेलहन | १०० | के जी | २० | वार्षिक |
| ३२ | खाद्यान्न वीउ | २०० | के जी | ५ | वार्षिक |

५.२ सहकारी/समूह/व्यवशायीः कृषि तथा पशुजन्य वस्तु संकलनको लागि तोकिएका र संलग्न कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरूलाई व्यवस्थापन खर्चको लागि देहाय बमोजिम अनुदान उपलब्ध गराईनेछ ।

क) कृषि तथा पशुजन्य वस्तु विक्री वितरणमा संलग्न सबै कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारी हरूलाई न्यूनतम वार्षिक रु. १५,०००। उपलब्ध गराईनेछ।यस्ता कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरूले कम्तिमा वार्षिक आफूले प्राप्त गर्ने न्यूनतम व्यवस्थापन बजेटको ५ गुणा रकम बराबरको कारोबार गर्नुपर्नेछ।

ख) न्यूनतम व्यवस्थापन बजेटको अतिरिक्त कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरूले विक्रीको परिमाणको आधारमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम थप प्रोत्साहन गर्न सक्नेछ ।

ग) मदाने गाउँपालिका बाहिरका कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरूलाई भने यस प्रकारको बिक्रीमा आधारित अनुदान उपलब्ध गराईने छैन ।

**६. <u>कृषि तथा पशुजन्य वस्तुको खरिद तथ विक्री मूल्यः</u>**

क) कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरूले आफ्ना सबै सदस्यहरूको सहभागितामा कृषि तथा पशुजन्य वस्तुको खरिद तथा विक्री मूल्य निर्धारण गर्न सक्नेछन् ।

(ख) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारण गर्दा उत्पादित वस्तुको प्रकृति हेरी बार्षिक, चौमासिक, मासिक वा दैनिक रुपमा मूल्य निर्धारण गर्न सक्नेछन् ।

ग) कृषकहरूको सहभागितामा कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीले निर्धारण गरेका मूल्यको सूचि कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीले सबैले देख्ने गरी संकलन केन्द्रमा टाँस गर्नुपर्नेछ ।

घ) खरिद र बिक्रीको मूल्य निर्धारण गर्दा यथासक्य खरिद र विक्री मूल्य विचको अन्तर कम हुनु पर्नेछ ।तर मूल्य निर्धारण गर्दा भण्डार अवधिमा हुन सक्ने नोक्सानीलाई समेत ध्यान दिनुपर्नेछ ।

ङ) खरिद र बिक्री मूल्यबिच हुने अन्तरबाट हुने आम्दानी सम्बन्धित सहकारीको हुनेछरउक्त रकम कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीले संस्थाको निर्णय बमोजिम कर्मचारी व्यवस्थापनलगायत सहकारीको अन्य व्यवस्थापकीय खर्चमा लगाउन सक्नेछ।

च) कृषि तथा पशुजन्य वस्तुको मूल्य निर्धारणको क्रममा सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाको कृषि तथा पशुसेवा शाखालाई सहजिकरणको लागि कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीले आमन्त्रण गर्न सक्नेछन् ।

(छ) गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरूले कुनै कार्यक्रम गर्दा गाउँपालिका भित्रका कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ व्यापारीहरूमार्फत कृषि तथा पशुजन्य वस्तु खरिद गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ ।

**७. <u>अनुदान रकम निकासाः</u>** बिक्रीमा आधारित अनुदान उपलब्ध गराउँदा गाउँपालिकाबाटबार्षिक रुपमा उपलब्ध गराउन सकिनेछ ।

**८.<u>अन्य क्षेत्रमा अनुदानः</u>** बिक्रीमा आधारित अनुदान बाहेक गाउँसभाबाटस्वीकृत कार्यक्रम बमोजिमको कृषि तथा पशुक्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले बाधा पु¥याएको मानिने छैन ।

**९.<u>बजारमूल्यको कारण</u>** हुने क्षतिको परिपूर्तिः विश्वव्यापी बजारीकरणको कारण स्थानीय कृषकको उत्पादन मूल्य भन्दा अत्यधिक कम मूल्यमा कृषिजन्य वस्तु बजारमा आई कृषकलाई हुने घाटा पूर्ति गर्ने सन्दर्भमा थप मापदण्ड बनाई कार्यपालिकाको निर्णय बमोजिम कार्य अगाडि बढाईनेछ ।

**१०.<u>बाधा अड्काउ फुकाउनेः</u>** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**११.**परिमार्जन तथा संशोधन कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

समाप्त